२०७५, असार
बिहीबार
१४

‘घरमा बसेका छोराछोरी विद्यालय जाँदा रहेनछन्, तर अहिले दिउँसोको समयमा नास्ता खाने व्यवस्था मिलाएपछि छोराछोरी आफैं विद्यालय जान थालेका छन्।’

# नेपाल

## एउटै विद्यालयका ४ जना विद्यार्थीको ४ जीपीए

**नेपाल समाचारपत्र**

पोखरा

पोखराको मदरल्यान्ड माविका ७ जना विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा एसईई-२०७४ मा उच्च ग्रेड अंक (४ जीपीए) ल्याएका छन्। मासवारस्थित मदरल्यान्ड माविका राजेश अधिकारी, प्रयास पौडेल, कृति बराल, सफल सुवेदी, झरना पौडेल, वर्षा बराल र रन्जन यादवले ४ जीपीए ल्याएका हुन्।

विद्यालयका प्रिन्सिपल नारायण बरालले परीक्षाको यस प्रकारको नतिजा आउनुमा शिक्षक, विद्यार्थीको निरन्तरको मेहनत, सिक्ने र सिकाउने वातारण नै प्रमुख कारण रहेको बताए। उनले उत्कृष्ट अंक ल्याएका विद्यार्थीलाई बधाई दिँदै विद्यालयले स्थापनाकालदेखि नै यस प्रकारको सफलता हात पार्दै आएको बताए। संस्थापक निर्देशक त्रिभुवन शर्माले प्रवेशिका परीक्षाको सफलतापछि पहिले आफ्नो लक्ष्य निर्धारण गर्नुपर्ने अनि सोअनुरुप विषय र संकाय छान्नुपर्ने कुरामा जोड दिए। आफूलाई सहज र उपलब्धिमूलक लागेको माविमा अध्ययन गर्दा आशातीत नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरा पनि व्यक्त गरे।

विद्यालयले ऐतिहासिक नतिजा हासिल गर्न सफल सम्पूर्ण विद्यार्थीलाई सोमबार दीक्षित गरेको छ। कार्यक्रममा विद्यार्थीलाई सम्मानपत्र, मेडल र खादा लगाई सम्मान गरिएको थियो। दीक्षित विद्यार्थीका तर्फबाट छात्र विपिन तिमिल्सिनाले उच्च नतिजा प्राप्तिमा अहोरात्र खटिनुहुने शिक्षक तथा विद्यालय कर्मचारीप्रति हार्दिक आभार व्यक्त गरेका थिए। मदरल्यान्डबाट २०७४ सालको एसईई परीक्षामा सम्मिलित कुल १ सय ५० जना विद्यार्थीमध्ये ७ जना ४ जीपीए, १५ जना ३.९५ जीपीए, २७ जना ३.९ जीपीएसहित १ सय १५ जना ए प्लस, २८ जना ए र ७ जना बी प्लसको ग्रेड हासिल गर्न सफल भएका थिए।

## उजुरी गर्न प्रजिअको आग्रह

लमजुङ, (नेस)

प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालले समानरूपमा अधिकार प्राप्त गर्नु नै मानवअधिकारको विशेषता भएको बताउनुभएको छ। उहाँले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लमजुङको आयोजनामा बेंसीशहरमा आयोजित नेपाल मानवअधिकार वर्ष पुस्तक-२०१९ का लागि अर्धवार्षिक पूर्वसमीक्षा गोष्ठीमा त्यस्तो बताउनुभएको हो।

मानवअधिकार उल्लंघनका घटना भएमा उजुरी गर्नसमेत सबैलाई आग्रह गर्नुभयो। उहाँले महिलालगायत हरेक नागरिकमाथि हुने भेदभाव दण्डनीय मात्रै नभएर निषेध गर्नुपर्नेमा जोड दिनुभयो। नयाँ संविधानले नागरिकका हरेक अधिकारलाई आत्मसात गरी प्रत्याभूत गरेको छ भन्दै उहाँले मानवअधिकार संरक्षणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले मानवअधिकारको प्रत्याभूति महसुस हुनका लागि कुनै पनि घटनाका पीडितलाई पद र प्रतिष्ठा हेरेरभन्दा पनि उसको आवश्यकता हेरेर सेवा प्रदान गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा इन्सेकका जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटीले लमजुङमा घटेका पछिल्ला ६ महिनाका प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। मजाकोटीले जिल्लाका पछिल्लो ६ महिनामा अभिलेख गरेका मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटना समेटिएको स्थिति सूचक सार्वजनिक गर्नुभएको थियो। कार्यक्रममा प्रहरी नायव उपरीक्षक यादव ढकाल, राष्ट्रिय अनुसन्धान प्रमुख सरोज निरौला, सहायक प्रमुख जिल्ला अधिकारी मनोहर थापा, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि र सञ्चारकर्मीको सहभागिता थियो।

## सामाजिक कुप्रथाविरुद्ध प्रहरी अभियान

**विमल विष्ट, डोटी**

सामाजिकरूपमा निन्दनीय र कानुनी रुपले दण्डनीय मानिने बालविवाह, बहुविवाह, छाउपडी प्रथा, जातीय विभेद लैंगिक हिंसा, लागूऔषध दुर्व्यसनीलगायतका कुप्रथाको अन्त्यका लागि डोटी प्रहरीले जिल्लाका विभिन्न टोल-टोलमा प्रहरी अभियान थालेको छ।

जिल्ला प्रहरी कार्यालय डोटीले केही दिन यतादेखि सो अभियानको थालनी गरेको हो। जिल्लाका विभिन्न गाउँ तथा टोलमा अझै पनि बाल, तथा बहुविवाहजस्ता सामाजिक कुप्रथा कायमै भएका कारण त्यसको अन्त्यका लागि आफूहरूले यो अभियानको थालनी गरेको जिल्ला प्रहरी प्रमुख एसपी विद्यानन्द माझीले बताउनुभयो। उहाँले भन्नुभयो- ‘जिल्लाका विभिन्न स्थलमा बहुविवाह, बाल विवाहलगायतका घटना कायमै भएको पाइएकाले टोल-टोलमा प्रहरी अभियानसँगै अन्य कुप्रथाको अन्त्यका लागि अभियान थालेका छौं, सबैको सहयोग जरुरी छ।’

जिल्ला प्रहरी कार्यालय डोटीले जिल्ला सदरमुकाममा १७ वटा प्रहरी टोली तथा अन्य ग्रामीण क्षेत्रमा रहेका प्रहरी एकाइमार्फत अभियान सञ्चालन गरिरहेको छ। प्रहरीहरूको टोली टोल-टोल, स्कुल तथा सार्वजनिक ठाउँमा पुगेर सामाजिक विकृतिविरुद्धमा जनचेतना जगाइरहेको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी निरीक्षक ध्रुवबहादुर विष्टले जानकारी दिनुभयो। टोल-टोल र गाउँ-गाउँमा खटिएका प्रहरी टोलीले प्रत्येक टोलमा बहुविवाह, बालविवाह, छाउपडी प्रथालगायतका अन्य कुप्रथा अन्त्यका लागि स्थानीयलाई भेला गराएर चेतनामूलक पोस्टर पम्पलेट वितरण गर्ने काम गरिरहेका छन्।

त्यस्तै प्रहरीले विद्यालयमा पुगेर लागूऔषध दुर्व्यसनीमा फसेका बालबालिका, युवायुवतीलाई समेत सचेतना जगाइरहेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ। प्रहरीको उक्त अभियानमा यहाँका जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी, शिक्षक, सामुदायिक सेवा केन्द्र, सामुदायिक प्रहरी, स्थानीयबासी तथा सञ्चारकर्मीको समेत सहभागिता रहने गरेको छ। पछिल्लो समय जिल्लामा प्रहरीले सञ्चालन गरेको उक्त कार्यलाई यहाँका स्थानीयले स्वागतयोग्य काम भन्दै स्वागत गर्ने गरेका छन्।

## निजीभन्दा सामुदायिक विद्यालय अब्बल

**गोकुल घोरसाइने, बारा**

यसपटकको एसईई परीक्षामा बाराको निजगढ नगरपालिकास्थित सामुदायिक विद्यालयका विद्यार्थीले निजी विद्यालयको भन्दा राम्रो परिणाम ल्याएका छन्। हालै प्रकाशित परीक्षाफलले निजगढका सामुदायिक विद्यालयको परिणाम निजी विद्यालयको भन्दा निकै राम्रो देखाएको छ।

निजगढ नगरपालिका वडा नम्बर ८ स्थित गौरीशंकर माध्यमिक विद्यालयबाट यसपटक ९ जना विद्यार्थीले ‘ए’ प्लस ल्याएका छन्। यो विद्यालय बारा जिल्लाका अन्य विद्यालयको तुलनामा राम्रो नतिजा ल्याउने विद्यालय पनि बनेको छ। प्राविधिक क्षेत्रबाहेक सामान्यतर्फको सामुदायिक विद्यालयमा गौरीशंकर माध्यमिक विद्यालय बारा जिल्लाकै उत्कृष्ट विद्यालय बनेको प्रधानाध्यापक रामकुमार शर्माले बताउनुभयो। ‘जिल्लामा केही विद्यालयबाट त्यसमा पनि २/४ जनाले मात्र ए प्लस ल्याएका छन्,’ शर्माले भन्नुभयो- प्रारम्भिक नजिताअनुसार गौरीशंकर माध्यमिक विद्यालयले यसपटक सबैलाई उछिनेको छ।’ उहाँले यसअघि पनि विद्यालयले स्थानीय निजी विद्यालयको भन्दा लगातार राम्रो रिजल्ट ल्याउँदै आएको बताउनुभयो।

पछिल्लोसमय निजगढका सामुदायिक विद्यालयले निजी विद्यालयलाई उछिन्दै आएका छन्। निजगढ नगरपालिका-५ को सार्वजनिक माध्यमिक विद्यालय र निजगढ-६ स्थित अर्को विद्यालय गौरीशंकर माविका १/१ जना छात्राले पनि ए प्लस ल्याएका छन्। यसपटक गौरीशंकर माविका ९ सहित सामुदायिक विद्यालयका ११ जना विद्यार्थीले ‘ए प्लस’ ल्याउँदा निजी विद्यालय विद्यासागर बोर्डिङ स्कुल र होली एन्जल्स बोर्डिङ स्कुलका १/१ जना विद्यार्थीले मात्रै ‘ए प्लस’ ल्याएका छन्।

निजगढस्थित सामुदायिक विद्यालयले अंग्रेजी माध्यमबाट पठनपाठन शुरू गरेपछि परीक्षाफलमा सुधार आएको छ। गौरीशंकर मावि र अन्य २ विद्यालयमा अंग्रेजी माध्यममा पढ्ने बढी विद्यार्थीले ‘ए प्लस’ ल्याएका छन्। यहाँका विद्यालयमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट पठनपाठन सञ्चालन हुँदै आएको छ। परीक्षामा गौरीशंकरबाट २५, सार्वजनिकका २ र गौरीशंकर सडकटोलका ७ विद्यार्थीले ‘ए’ ग्रेड ल्याएका छन्।

## कमलरीमुक्त दिवसमा शोकसभा

### अझै ९७ जना कमलरी

**हरकसिंह धामी, कञ्चनपुर**




कञ्चनपुरमा कमलरीमुक्त दिवसका दिन शोकसभा मनाइरहेका छन्। नेपाल सरकारले २०७० साल असार १३ गतेका दिन कमलरीमुक्त घोषणा गरेको थियो। तर पनि घोषणमा मात्र सीमित भएको भन्दै मुक्त कमलरी विकास मञ्चले कमलरीमुक्त दिवसको दिन शोकसभाको आयोजना गरेको हो।

नेपाल सरकार र संयुक्त संघर्ष समितिबीच २०७० जेष्ठ २४ गतेका दिन १० बुँदे सहमति भए तापनि अझैसम्म कार्यान्वयन नभएको मुक्त कमलरी विकास मञ्च कञ्चनपुरकी सहसंयोजक शान्ति चौधरीले बताउनुभयो। मालिकले कमलरी राखेका बेलामा विभिन्न समयमा ६ जनाको हत्या भएको र उनीहरूको सम्झनामा कमलरीमुक्त दिवसको दिन पनि शोकसभा मनाउन बाध्य भएको सहसंयोजक चौधरीले बताउनुभयो।

हालसम्म मालिकबाट हत्या हुनेमा अस्मिता थारु, सिर्जना चौधरी, सरिता चौधरी, उर्मीला राना थारु, मेघी चौधरी र सिमा होजामगर रहेका छन्। त्यसै गरी मालिकबाट बेपत्ता पारिनेमा आसरानी थारु, तुलारानी थारु, सुर्या चौधरी, आशा चौधरी, शर्मिला चौधरी र सीता चौधरी रहेका छन् ।हाल कञ्चनपुरमा ७ जना, कैलालीमा २८ जना, बाँकेमा ५ जना, दाङमा २१ जना र सबैभन्दा बढी बर्दियामा ३६ जना कमलरी रहेका छन्। ५ वटा जिल्लामा ९ हजार ४ सय ७५ जना स्वीकृत भएकामध्ये ६ सय ८१ जनाले मात्र परिचयपत्र प्राप्त गरेको मुक्त कमलरी विकास मञ्चको केन्द्रीय कार्यालय दाङले जनाएको छ। विगतमा भएको सहमतिअनुसार सरकारले आफूहरूका माग सम्बोधन नगरेमा थप आन्दोलन गर्ने मञ्चले जनाएको छ।

## दिवा खाजाले सुधार्‍यो बालबालिका र अभिभावकको आनीबानी

**कविराज नेपाल, पाल्पा**


पश्चिम पाल्पाको रिब्दीकोट गाउँपालिका वडा नं १ ख्याहाको जोजिथुम कुमाल समुदायको बस्ती भएको ठाउँ हो। यहाँका कुमाल समुदायका मानिस ज्याला मजदूरीका लागि दैनिक छिमेकी जिल्ला गुल्मी र पाल्पाको सदरमुकाम साथै रिडीमा जाने गर्दछन्। बालबालिकालाई विद्यालय पठाउन घरमा कोही अभिभावक नहुँदा उनीहरू विद्यालय जान पाउँदैनथे। यस विद्यालयमा अध्ययन गर्न आउने बालबालिका अतिविपन्न कुमाल समुदायका रहेको र यसअघि यहाँका बालबालिका नजिकै रहेको विद्यालयमा पढ्न नगएर धुलोमाटोमा खेल्ने गर्दथे। तर अब परिस्थिति फेरिएको छ।

रिब्दीकोट गाउँपालिकासहित जिल्लामा रहेका विभिन्न संस्था र व्यक्तिले सहयोग गरी दिवा खाजाको व्यवस्था मिलाएपछि अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेका छन्। दिवा खाजाको व्यवस्था गरेपछि गाउँका बालबालिका विद्यालय जान थालेका छन्।

रिब्दीकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल पौडेलले गएको जेठ १ गतेदेखि आगामी चैत मसान्तसम्म यहाँका विद्यार्थीलाई नियमित दिवा खाजाको व्यवस्था गाउँपालिकाले गरिदिएको बताए। ‘अहिले दैनिक २० रुपियाँका दरमा प्रत्येक विद्यार्थीलाई नास्ता खुवाउने व्यवस्था मिलाएका छौं’, उनले भने- ‘अर्को वर्षदेखि पोषणयुक्त नास्ताको व्यवस्था मिलाउने योजनामा रहेका छौं।’

‘गत आर्थिक वर्षमा दैनिक बढीमा ७०/८० जना मात्र बालबालिका पढ्न आउने गर्दथे’, विद्यालयका प्रअ कुमालले भने- ‘अहिले सबै विद्यार्थी आउने गर्छन्। हाल विद्यालयमा १ सय ३० जना विद्यार्थी अध्ययनरत छन्।’ विद्यार्थीलाई दैनिकरूपमा फरक-फरक नास्ता खुवाउने गरिन्छ। कुन दिन कस्तो नास्ता खाने भन्ने तालिका नै बनाइएको छ। जसअनुसार आइतबार चना अन्डा, सोमबार चाउमिन, मंलबार रोटी तरकारी, बुधबार हलुवा, बिहीबार पुलाउ तरकारी र शुक्रबार फलफूल नास्ताको रूपमा खुवाउने गरिन्छ।

पछिल्लो समय उनीहरू नियमित विद्यालय मात्र जादैनन्, रमाई-रमाई पढाइमा ध्यान दिन थालेका छन्। सोही ठाउँमा रहेको कालिका आधारभूत विद्यालयले कक्षा सञ्चालन भएको दिन नास्ता खाने व्यवस्था मिलाएपछि यहाँका बालबालिका नियमित विद्यालय जान थालेको विद्यालयका प्रधानाध्यापक सुरेशबहादुर कुमालले बताए। ‘म र श्रीमती मेलो गर्न प्रत्येक दिन बिहानै रिडी बजारतिर जान्छौं’, स्थानीय धनबहादुर कुमालले भने- ‘घरमा बसेका छोराछोरी विद्यालय जादाँ रहेनछन्, तर अहिले दिउँसोको समयमा नास्ता खाने व्यवस्था मिलाएपछि छोराछोरी आफैं विद्यालय जान थालेका छन्।’



१ सय १७ घरपरिवार रहेका जोगीथुममा १ सय १२ घर कुमाल समुदाय र ५ घरपरिवार मगर समुदायका रहेका छन्। जिल्लाको अति विकट मानिने यहाँका अधिकांश स्थानीयले रिडी घाटमा गएर बालुवा चाल्नेलगायत बजारमा अन्य सामान्य मजदूरी गर्दछन्। जोगीथुममा रहेका कुमाल समुदायलाई चेतनाको अभावले कमाएको पैसाले मादकपदार्थ सेवन गरेर फजुल खर्च गर्ने तर किताब कापी किनेर छोराछोरी विद्यालय नपठाउने गरेको वडाअध्यक्ष विष्णु गैरेले बताए। विकट, गरिब, अशिक्षित अभिभावक भएकाले पनि यहाँका अभिभावकलाई छोराछोरी विद्यालय पठाउनुपर्छ भन्ने भावना नभएको उनले बताए। उनले भने- ‘विभिन्न सरोकारवाला निकाय र प्रहरी समेत गाउँमा पुर्‍याएर सचेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि मादकपदार्थ सेवनमा कमी आएको छ भने छोराछोरीलाई नियमित विद्यालय पठाउन थालेका छन्।’

## वन्यजन्तु चोरी सिकार गरेको आरोपमा दुई पक्राउ

**नेपाल समाचारपत्र**

डोटी

डोटीमा वन्यजन्तु चोरी सिकार गरेको आरोपमा २ जना पक्राउ परेका छन्। खप्तड राष्ट्रिय निकुञ्जका कर्मचारी तथा नेपाली सेनाको गस्ती टोलीले खप्तड क्षेत्रमा वन्यजन्तुको चोरी सिकारमा संलग्न २ जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा डोटीको सायल गाउँपालिका-३ भल्मा बस्ने वर्ष ४८ का डम्मर भुल तथा सोही वडा बस्ने वर्ष ५२ का लालबहादुर बोगटी रहेका छन्।

गस्ती टोली भल्मा क्षेत्रमा जाँदा डम्मर भुलको गोठमा लुकाई छिपाई राखेको आलो (काँचो) अवस्थामा रहेको रतुवाको छाला, मासु, ढेडु बाँदरको टाउको, छाला अनि भालुका नंग्राजस्तो देखिने वस्तु फेला पारेको खप्तड राष्ट्रिय निकुञ्जका वन्यजन्तु संरक्षण अधिकृत प्रकाश शाहले जानकारी दिनुभयो।

**समाचार प्रभाव**

पक्राउ परेकालाई आवश्यक अनुसन्धान तथा सोधपुछका लागि जिल्ला प्रहरी कार्यालय डोटीमा राखिएको छ। गएको असार ६ गते खप्तड राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको व्यापक चोरी सिकारी हुँदै भन्ने समाचार नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशन भएपछि खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा अहिले चोरी सिकार गर्नेहरूको व्यापकरूपमा खोजी भइरहेको छ।

पछिल्लो समय खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा वन्यजन्तुको चोरी सिकार बढ्न थालेपछि निकुञ्ज कर्मचारी तथा सेनाले आफ्नो गस्ती टोली पनि बढाएको बताइएको छ। भुलको गोठमा वन्यजन्तुका छाला, मासुलगायतका अन्य सरसामान भेटिए पनि मारेको कसले हो भन्ने विषयमा यकिन नभएको खप्तड राष्ट्रिय निकुञ्जका वन्यजन्तु संरक्षण अधिकृत शाहले बताउनुभयो।

## लागूऔषधका मुद्दा प्रतिवर्ष शतप्रतिशत वृद्धि

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा लागूऔषधका मुद्दा प्रतिवर्ष शतप्रतिसत वृद्धि भएका छन्। पछिल्ला ३ वर्षमा प्रहरीले गरेको कारबाही तथा चलाएको मुद्दाको रेकर्डले त्यस्तो देखाएको हो।

औषाध दुरुपयोग तथा ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा आयोजना गरिएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव निरीक्षक यादव ढकालले सो जानकारी दिनुभएको हो। उहाँका अनुसार आव २०७२/७३ मा लागूऔषधका मुद्दा २ वटा चलाएको देखिएको छ। त्यस्तै आव आव २०७३/७४ मा त्यस्ता मुद्दा ४ वटा चलाइएको थियो भने चालू आव २०७४/७५ को असार १२ गतेसम्मको रेकर्डअनुसार ८ जनाविरुद्धमा लागूऔषधका मुद्दा दायर गरिएको छ।

देशभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ। ‘स्वास्थ्य सबल र समृद्ध नेपालको प्रतिबद्धता, लागूऔषध अपराधविरुद्धको ऐक्यबद्धता’ भन्ने नाराका साथ अन्तर्राष्ट्रिय लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्धको दिवसका सन्दर्भमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा प्रनाउ खरेलले लमजुङको सदरमुकाम बेंसीशहर लागूऔषधका हिसाबले निकै संवेदनशील बन्दै गएको पाइएको बताउनुभयो। उहाँले यो दिवसको सप्ताहव्यापी कार्यक्रमका सन्दर्भमा १९ जना दुर्व्यसनमा लागेका व्यक्तिलाई सम्झाई बुझाई अभिभावकको जिम्मा लगाएर पठाइएको बाताउनुभयो।

उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालले लागूऔषध दुर्व्यसनी तथा ओसारपसार रोक्न सरकारले यथासक्य पहल गरिरहेको र यसलाई रोकथाम गर्नका लागि अभिभावको मुख्य दायित्व रहने बताउनुभयो।